# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल


प.सं.: ०७९/०८०
च.नं.:

## विभिन्न आय ठेक्काको सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी १५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०।०३।१०

आ.व.२०८०।०८१ का लागि यस नगरपालिकाको स्थानीय राजस्वको स्रोतको रुपमा रहेका स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ बमोजिमको तपसिलका हाटबजार र माछापोखरी बहाल बिटौरी कर, दफा ६१ बमोजिमको कवाडी मालवस्तु तथा दफा ६२ बमोजिमको सेवा शुल्क शीर्षकमा ठेक्का वन्दोवस्ति प्रकृयाबाट राजस्व संकलन गर्नुपर्ने भएको हुँदा ईच्छुक फर्म वा व्यक्तिबाट गोप्य सिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

**शर्तहरु**

१ सिलबन्दि दरभाउपत्रको फाराम एनआईसी एशिया बैंक मणिग्राम शाखामा रहेको आन्तरिक आय खाता नं.1052055499599012 मा रु.१०००।- (फिर्ता नहुने गरि) जम्मा गरेको सक्कलै भौचर र व्यक्तिको हकमा नेपाली नगरिकताको प्रमाणपत्रको प्रतिलिपी र फर्मको हकमा शर्त नं. २ बमोजिमको प्रमाण निवेदन साथ पेश गरी यो सूचना प्रकाशन भएको मितिले १५ दिनको कार्यालय समय भित्र कार्यालयको राजस्व शाखाबाट लिन गर्न सकिनेछ ।

२ ठेक्का नं. १ र ३ को हकमा मू.अ.करमा दर्ता भएका फर्मले मात्र यस प्रकृयामा भाग लिन सक्नेछन् । फर्मले दरभाउपत्र खरिद गर्दा फर्म दर्ता प्रमाणपत्र, आ.व.२०७८/०७९ को करचुक्ता प्रमाणपत्र र स्थाईलेखा नं. को प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

३ न्युनतम अंक देहाय बमोजिम हुनेछ । उक्त अंकमा मु.अ.कर समावेस गरिएको छैन । कबोल रकम र धरौटी रकम अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

४ सिलबन्दि दरभाउ पत्रसाथ आँफुले कबोल गरेको अंकको ५% ले हुने धरौटी रकम यस कार्यालयको एनआईसी एशिया बैंक मणिग्राम शाखामा रहेको धरौटी खाता नं.A5CA549959952403 मा जम्मा गरेको सक्कलै भौचर वा ७५ दिनको म्याद भएको बैंक ग्यारेण्टि संलग्न गर्नुपर्नेछ ।

५ पत्रिकामा सूचना प्रकाशन भएको मितिले १६ औं दिन दिनको १२.०० वजेभित्र यस कार्यालयमा दरभाउपत्र दर्ता गराईसक्नु पर्नेछ । सोही दिनको २.०० बजे यसै कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा दरभाउपत्र खोलिने छ । प्रतिनिधि उपस्थित नभएमा नियमानुसार सोही समयमा खोल्न वाधा पर्नेछैन ।

६ दरभाउ पत्र खरिद र दर्ता मितिका दिन सार्वजनिक विदा परेमा सोको भोली पल्ट खरिद तथा दर्ता गर्न सकिनेछ । कार्यालयबाट प्रमाणित नभएको, रीत नपुगेको र म्याद नाघी आएको दरभाउपत्रलाई मान्यता दिइनेछैन ।

७ आँफुले कबोल रकम ठेक्का सम्झौताका बखत एकमुष्ठ रुपमा बुझाएमा १०% छुट दिन दिईनेछ । यस्तो छुट दिँदा दाखिला गर्ने रकम न्युनतम अंक भन्दा घटी हुनेगरि दिईनेछैन । कबोल रकम किस्ताको रुपमा बुझाउन चाहेमा ५०% ले हुन आउने रकम ठेक्का सम्झौताका बखत र बांकी रकम २०८० साल पौष मसान्त भित्र बुझाउनु पर्नेछ । बांकी रकमका लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको ०८१ श्रावण मसान्त सम्म म्याद भएको बैंक ग्यारेण्टी पेश गर्नुपर्नेछ ।

८ न्युनतम अंकमा मु.अ.कर र अन्य करहरु समावेश गरिएको छैन । ठेक्का लिने पक्षले ठेक्का सम्झौताका बखत कबोल अंकको १.५%ले हुने अग्रिम आयकर वापतको रकम एकमुष्ठ रुपमा र हरेक

किस्ता रकम बुझाउँदा १३% ले हुने मू.अ.कर वापतको रकम आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्नेछ ।

९ ठेक्का अवधि २०८०।०८१ को ०८१ आषाढ मसान्त सम्म हुनेछ । तर सम्झौताका शर्त उल्लंघन भएमा कार्यालयले विचैमा ठेक्का तोड्न पनि सक्नेछ । यसरी ठेक्का तोडिएमा सो अवधि सम्मको बुझाउनु पर्ने दायित्वबाट उन्मुक्ति पाईने छैन । सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

१० बन्द, हडताल जस्ता कारण जनाई कुनै प्रकारका छुट वा मिनाहा दावि गर्न पाईने छैन । तर काबु बाहिरको परिस्थिति  परि राजस्व असुली हुन नसकेमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

११ ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ । थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र आर्थिक प्रशासन शाखा तथा राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

१२ यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु प्रचलित कानून वमोजिम हुनेछ ।

**<u>हाटबजार बैठकी कर सम्बन्धमा थप शर्तहरु</u>**

१३ हाटबजार बैठकी कर तथा कवाडी निकासी करको दररेट नगरपालिकाले दरभाउपत्र साथ उपलब्ध गराउनेछ । कर संकलन गर्दा उक्त दरमा १३%ले थप गरि संकलन गर्नुपर्नेछ ।

१४ तिलोत्तमा नगरपालिका खुला पोलिथिन मुक्त नगरपालिका घोषणा भईसकेको हुँदा हाटबजारमा पनि पोलिथिन झोला प्रयोग गर्न पाईनेछैन । साथै हाटबजारका हरेक बिक्रेताले आफ्नो फोहर आफ्नै झोला वा बोरामा संकलन गरि बैठकी सफा राख्नुपर्नेछ । यसरी संकलन भएको फोहरमैलाको उचित व्यवस्थापन ठेकेदार स्यमंले गर्नुपर्नेछ ।

१५ हाटबजारमा रहेको खानेपानीको महशुल, मर्मत तथा व्यवस्थापन र फोहरमैला व्यवस्थापन ठेकेदार आफैले गर्नुपर्नेछ । नगरी खानेपानी लाईन काटिएमा पुनः जडान खर्च, हर्जाना सहितको महशुल वा अन्य तवरले फोहरमैला व्यवस्थापन गर्दा लागेको खर्च ठेकेदारबाट असुल गरिनेछ । असुल हुन नसकेमा निजको धरौटीबाट कट्टा गरिनेछ ।

१६ हाटबजारमा रहेको विद्युतको सामान्य मर्मत खर्च र वढिमा २५ वाट सम्मको एक थान सि.एफ.एल/एल.इ.डि वल्वको महशुल भुक्तानी ठेकेदार आफैले गर्नुपर्नेछ । व्यवसायीले थप विद्युत उपभोग गर्न परेमा थप महशुल ठेकेदारलाई बुझाउनु पर्नेछ । व्यवसायीबाट महशुल असुल गरी समयमा विद्युत महशुल नबुझाई विद्युत लाईन काटिएमा पुनः जडान गर्दा लाग्ने खर्च र हर्जाना सहितको महशुल ठेकेदारबाट असुल गरिनेछ । असुल हुन नसकेमा निजको धरौटीबाट कट्टा गरिनेछ ।

१७. पार्किङ्ग शुल्क उठाउने कार्यको समावेस नभएका बजारमा अर्को अनुमति नलिई बजारमा राखिने सवारी साधनमा पार्किङ शुल्क उठाउन पाईने छैन ।

१८ बैठकी कर तथा पार्किङ्ग शुल्कको दररेट सबैले देख्नेगरी ठेकेदारले होडिङबोर्ड तयार गरी हाटबजार स्थलमा राख्नुपर्नेछ ।

**<u>कवाड मालवस्तु निकासी कर सम्बन्धमा थप शर्तहरु</u>**

१९ कवाड निकासी करको दररेट दरभाउपत्र साथ उपलब्ध गराईनेछ । कर संकलन गर्दा उक्त दरमा १३%ले थप गरि संकलन गर्नुपर्नेछ । यस्तो कर कवाड संकलन केन्द्रबाटै संकलन गर्नुपर्नेछ । राजमार्ग वा सहायक मार्गमा तगारो राखी कर असुल गर्न पाईने छैन ।

२० नगरपालिकाले अनुमति दिएका फोहरमैला संकलन/प्रशोधन एवं व्यवस्थापन केन्द्रले संकलन बिक्री गर्ने कवाडी सामानमा यो कर लगाउन पाईनेछैन ।

नारायण अर्याल

# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

प.सं.: ०७९/०८०
च.नं.:

**फाईवर नेट बहाल ठेक्का सम्बन्धमा थप शर्तहरु**

२१ नगरपालिकाले जडान गरेको फाईवर सञ्जाल सिद्धार्थ राजमार्गमा २४ कोर, अन्य प्रमुख सडकमा १२ कोर र भित्री सडकमा ६ कोर मध्ये प्रत्येकको २ कोर (करिब ५० कि.मी.) ठेकेदारले प्रयोग गर्न पाउनेछ ।

२२ बाँकी कोरहरु १७ वटा वडा कार्यालय र १७ वटै स्वास्थ्य संस्था सम्म पुगेको फाईवर सञ्जालको मर्मत सम्भार गर्नुपर्नेछ ।

२३ ठेकेदारले नगरपालिकाको अन्य कोरहरु नगरपालिकाको प्रयोजन बाहेक अन्य प्रयोजनमा प्रयोग गर्न पाउने छैन ।

तपसिल

| ठेक्का नं. | शिर्षक | न्युनतम कबोल अंक रु. |
|---|---|---|
| आय-०१।२०८०।०८१ | फाइवर नेट वहाल ठेक्का (दुई आ.व.का लागि) | २,००,०००।०० |
| आय-०२।२०८०।०८१ | तिलोत्तमा ११ को माछापोखरी ठेक्का (तिन आ.व.का लागि) | १,५०,०००।०० |
| आय-०३।२०८०।०८१ | कवाडी मालवस्तु निकासी कर | ७,००,०००।०० |
| आय-०४।२०८०।०८१ | ड्राइभरटोल हाटबजार (शुक्रबार र मंगलबार) | १९,३६,०००।०० |
| आय-०५।२०८०।०८१ | योगीकुटी हाटबजार (सोमबार, बिहीबार) | १४,१८,०००।०० |
| आय-०६।२०८०।०८१ | सिमानगर हाटबजार (शनिवार, बुधवार) | २,७५,०००।०० |
| आय-०७।२०८०।०८१ | मणिग्राम हाटबजार पार्किङ्ग समेत (आईतबार, बिहीबार) | १८,०१,०००।०० |
| आय-०८।२०८०।०८१ | सेमरा हाटबजार (सोमबार, विहिवार) | १०,९४,०००।०० |
| आय-०९।२०८०।०८१ | भलवारी हाटबजार (बुधवार) | ९,५०,०००।०० |
| आय-१०।२०८०।०८१ | कान्छिबजार हाटबजार (शुक्रबार र मंगलबार) | ३,४६,५००।०० |
| आय-११।२०८०।०८१ | रामनगर हाटबजार (शनिवार) | २६,५००।०० |
| आय-१२।२०८०।०८१ | शिवपुर हाटबजार (शुक्रवार) | ६०,५००।०० |
| आय-१३।२०८०।०८१ | भुल्का हाटबजार (विहिवार) | ६३,५००।०० |
| आय-१४।२०८०।०८१ | ९नं. हाटबजार (बुधवार, आईतवार) | १,४३,०००।०० |
| आय-१५।२०८०।०८१ | वनकट्टी हाटबजार (सोमवार, विहिवार) | ३,२६,०००।०० |
| आय-१६।२०८०।०८१ | कोटीहवा हाटबजार (शनिवार) | ११,४८,०००।०० |

नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत